# बाल सुधार गृहमा रहेका बालबालिकालाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गर्ने सम्बन्धी कार्यविधि, २०८१

नेपाल सरकार स्वास्थ्य बीमा बोर्ड बबरमहल, काठमाडौं २०७४

प्रस्तावना:

बाल सुधार गृहमा रहेका बालबालिकाको स्वास्थ्य बीमा गर्न वाञ्छनीय भएकोले, स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य बीमा बोर्डले देहायको कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "बाल सुधार गृहमा रहेका बालबालिकालाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गर्ने सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मिति २०८१/०१/२० गते देखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "ऐन" भन्नाले स्वास्थ्य बीमा ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कानूनको विवादमा परेका बालबालिका" भन्नाले कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्झनु पर्छ र सो शब्दले बाल अदालतबाट कसूरजन्य कार्यमा दोषी ठहर भएको सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले स्वास्थ्य बीमा नियमावली, २०७५ सम्झनु पर्छ।

(घ) "परिवार" भन्नाले बाल सुधार गृहमा कानूनको विवादमा परेका बालबालिकाहरु सुधार गृहमा रहेका वा मुद्दा पुर्पक्षको लागि बाल सुधार गृहमा रहेका ५ जना सदस्यलाई सम्झनु पर्छ।

(ङ) "बाल सुधार गृह" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४३ बमोजिम स्थापना भएको बाल सुधार गृह सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

(छ) सहभुक्तानी (Copayment) भन्नाले स्वास्थ्य बीमामा सहभुक्तानी (Copayment) प्रणाली लागू गर्ने कार्यविधि, २०८० (संशोधन सहित) बमोजिमको व्यवस्था सम्झनु पर्छ।

३. कार्यक्रममा आवद्ध हुने: (१) स्वास्थ्य बीमा लागू गर्ने बाल सुधार गृहहरुले आवद्ध हुन चाहने कानूनको विवादमा परेका बालबालिकाहरुको परिवार संख्या तोकि स्वास्थ्य बीमा कार्यक्रममा आवद्धता हुने निर्णयको जानकारी बोर्डलाई गराउनेछ ।

(२) उपदफा (१) बमोजिम बीमित हुन चाहने परिवार बराबरको योगदान रकम बोर्डमा जम्मा गरी जानकारी गराउनु पर्नेछ ।

कार्यकारी निर्देशक

(३) स्वास्थ्य बीमा बोर्डले उपदफा (२) बमोजिम जानकारी पाएपश्चात सम्बन्धित बाल सुधार गृहहरुले स्वास्थ्य बीमा बोर्डले तोके बमोजिमको विवरण भरी बोर्ड वा बोर्डको कार्यालयमा पठाउनु पर्नेछ।

(४) स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराउन सम्बन्धित बाल सुधार गृहले नजिकको दर्ता सहयोगी वा बाल सुधार गृहवाट तोकिएको दर्ता सहयोगी वा अनलाईन (online) माध्यमबाट दर्ता गर्न सक्नेछ।

(५) बाल सुधार गृहमा रहेका बालबालिकाको स्वास्थ्य बीमा प्रयोजनको लागि संकलन गरिएको विवरण स्वास्थ्य बीमा बोर्डले बीमा प्रयोजनमा बाहेक सूचना गोप्य राख्नु पर्नेछ।

(६) बाल सुधार गृहमा भएका कानूनको विवादमा परेका बालबालिकाहरुको आवश्यक प्रकृया र विवरणको आधारमा परिचयपत्र स्वास्थ्य बीमा बोर्डले उपलब्ध गराउनेछ।

४. <u>स्वास्थ्य बीमा नवीकरण</u>:(१) नविकरण सम्बन्धी व्यवस्था स्वास्थ्य बीमा नियमावलीको नियम ८ बमोजिम हुनेछ।

५. <u>बीमाको समाप्ति र खारेजी</u>:(१) कानूनको विवादमा परेका बालबालिकाहरुको बीमा लेखको अवधि स्वास्थ्य बीमा ऐन २०७४ तथा नियमावली २०७५ तोकेको समयमा नविकरण नभएमा स्वास्थ्य बीमा समाप्ति भएको मानिनेछ।

(२) बाल सुधार गृहमा रहेका बीमितको मृत्यू भएमा वा बाल सुधार गृहमा नरहेमा स्वास्थ्य बीमा समाप्त भएको मानिनेछ।

६. <u>योगदान रकम</u>: (१) बाल सुधार गृहहरुले बीमित हुने परिवार बराबरको योगदान रकम स्वास्थ्य बीमा बोर्डलाई उपलव्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बीमालेख जारी हुने बालबालिकाहरुको बीमा योगदान रकम प्रति परिवार रु ३५००|- (तिन हजार पांच सय) तोकिएको छ।

(३) उपदफा (२) बमोजिम योगदान रकम प्राप्त भए पश्चात बोर्ड मार्फत बीमा व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गरिनेछ ।

७. <u>सेवा लिने प्रक्रिया</u>:(१) यस कार्यविधि अन्तर्गत बीमा गरिएका बीमितले स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा कार्यक्रममा तोकिए बमोजिमको सेवा सुविधाहरु प्राप्त गर्नेछ। अन्य व्यवस्था स्वास्थ्य बीमा ऐन, २०७४ र स्वास्थ्य बीमा नियमावली, २०७५ बमोजिम हुनेछ।

(२) यस कार्यविधि बमोजिम बीमित बालबालिकालाई उपलब्ध गराइने बीमाङ्क रकम कायम रहने छ तोकिएको रकममा स्वास्थ्य बीमा बोर्डले थपघट गरेमा सोही बमोजिम हुनेछ।

कार्यकारी निर्देशक

(३) बाल सुधार गृह नजिक रहेको स्वास्थ्य बीमामा सुचीकृत प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत वा नगर अस्पताल, जिल्ला अस्पताल वा अन्य सरकारी अस्पताललाई प्रथम सेवा विन्दु तोकिनेछ।

(४) सहभुक्तानी सम्बन्धी व्यवस्था, स्वास्थ्य बीमा कार्यक्रममा सहभुक्तानी (Co-payment) प्रणाली लागु गर्ने कार्यविधि, २०८० (संशोधन सहित) बमोजिम हुनेछ।

(५) यसकार्यक्रममा आबद्ध भएका बालबालिका एक स्थानबाट अर्को स्थानमा स्थान्तरण भएमा निजले बीमाको म्याद भएको अवधिसम्म बोर्डबाट तोकिएका स्वास्थ्य संस्थाहरुबाट उपचार सुविधा प्रयोग गर्न पाउनेछ।

(६) बालबालिकालाई एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण हुँदा नियमानुसार नयाँ स्थानमा तोकिएको स्वास्थ्य संस्थामा प्रथम सेवा विन्दुको रुपमा स्थानान्तरण गरिनेछ।

८. बाल सुधार गृहहरुसँग समन्वयः मन्त्रालयले तोके बमोजिमकका बाल सुधार गृहहरुका कानूनको विवादमा परेका बालबालिकाहरुलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराउने कार्यमा बोर्डको सम्बन्धित निकायसंग सम्बन्धित बाल सुधार गृहले समन्वय गर्नेछ।

९. समन्वय समिति गठनः(१) कानूनको विवादमा परेका बालबालिकाहरुलाई स्वास्थ्य बीमामा आवद्ध गर्ने, सेवा सहुलियत दिने, बीमाको नवीकरण गर्ने लगायतका विषयमा आवश्यक नीतिगत सुझाव दिन, समस्या समाधान गर्न, बीमामा आवद्ध हुने प्रक्रिया सरलीकरण गर्ने जस्ता विषयमा समन्वय गर्न केन्द्रमा देहाय वमोजिमको समिति रहनेछ ।

(क) प्रमुख,नीति तथा योजना शाखा,स्वास्थ्य बीमा बोर्ड -संयोजक

(ख) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (अधिकृत स्तर) -सदस्य

(ग) सूचना प्राविधिशाखा,स्वास्थ्य बीमा बोर्ड (अधिकृत स्तर) -सदस्य

(२) उपदफा (१) मा उल्लेख भएको समितिले बाल सुधार गृहका स्वास्थ्य बीमामा आवद्ध कानूनको विवादमा परेका बालबालीकाहरुलाई सहज रुपमा स्वास्थ्य उपचारका लागि आवश्यक पर्ने सम्पुर्ण कार्य गर्नेछ ।

१०. संशोधनः बोर्डले यस कार्यिधिमा सम्वन्धित पक्षसंगको समन्वयमा आवश्यक संशोधन गर्न सक्नेछ।

कार्यकारी निर्देशक